प्रदेश सरकार
प्रदेश नं. २
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि ज्ञान केन्द्र
बारा, कलैया

फोन नं.: ०५३-५५००१७
फ्याक्स नं.: ०५३-५५१२१७
ईमेल:dado.bara@yahoo.com

पत्र संख्या: २०७८/०७९
चलानी नं. 89

मिति: २०७८/०५/०२

विषय : सुचना टाँस गरी दिने सम्बन्धमा ।

श्री सबै उ.म.न.पा./न.पा./गा.पा.
बारा ।

प्रस्तुत विषयमा यस कार्यालयबाट प्रकाशित भएको बिभिन्न कार्यक्रमको लागी आशयपत्र पेश गर्ने सम्बन्धि सुचना थान ३ यसै पत्रसाथ संलगन राखी पठाईएकोमा उक्त सुचना टाँस गरी सो को जानकारी पठाई सहयोग गरी दिन हुन अनुरोध छ ।

जितेन्द्र यादव
प्रमुख(दशौं तह)

जितेन्द्र यादव
प्रमुख (दशौं तह)

फोन नं.:०५३-५५००१७
फ्याक्स नं.: ०५३-५५१२१७
ईमेल: dado.bara@yahoo.com
वेबसाईट:- https://bara.akc.gov.np

प्रदेश सरकार
प्रदेश नं. २
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि ज्ञान केन्द्र
कलैया, बारा

प.सं.:- २०७८/७९
च.नं.:-

मिति :- २०७८।०५।०२

## कृषि यन्त्र उपकरणमा अनुदानको लागि निवेदन आव्हान सम्बन्धि सुचना

(प्रथम पटक प्रकाशित मिति २०७८।०५।०२)

यस कृषि ज्ञान केन्द्र, बारा बाट चालू आ.ब. २०७८/७९ मा संचालन हुने कृषि यन्त्र उपकरणमा अनुदान) स्वोचालित /ट्र्याक्टर ट्याचमेन्टस /बिउ प्रशोधन सहित( कार्यक्रमका लागि योग्य इच्छुक सेवाग्राहीहरुले यो सुचना प्रकाशित भएको मितिले ३० दिन भित्र (२०७८ भाद्र ३१ गते सम्म) यस कार्यालयमा आवश्यक कागजात सहित निवेदन दिनु हुन यो सुचना प्रकाशन गरिएको छ।

तपशिल

| क.सं. | कार्यक्रमको नाम | अधिकतम अनुदान प्रतिशत | लक्षित सेवाग्राही |
|---|---|---|---|
| १ | कृषकहरुलाई ट्र्याक्टर एटयाचमेन्टस कृषि यन्त्र (धान थ्रेसर) उपकरणमा अनुदान | ५० | ट्र्याकटर भएको कृषक/कृषि समूह/ कृषि सहकारी/ कृषि उधमी |
| २ | कृषकहरुलाई स्वचालित कृषि यन्त्र ( पावरिटलर र धान काटने मेशीन - रिपर) उपकरणमा अनुदान | ५० | कृषक/कृषि समूह/ कृषि सहकारी/ कृषि उधमी |
| ३ | बिउ प्रशोधन यन्त्र | ५० | बीउ व्यवसायी/कम्पनी/सहकारी |

### आवश्यक कागजातहरु

१. कृषि ज्ञान केन्द्रले तोकेको ढाँचामा रु १० को टिकट टाँस गरि निवेदन दिनु पर्नेछ।
२. कृषक समूह, कृषि सहकारीको हकमा दर्ता प्रमाण पत्रको प्रतिलीपी,आ.ब.२०७७/७८ को कर चुक्ता प्रमाण पत्र, समूह तथा सहकारीको PAN दर्ता प्रमाण पत्र, सम्बन्धित समूह/सहकारीको कार्यक्रम माँग सम्बन्धि निर्णय पेश गर्नुपर्नेछ।
३. कृषक समूह तथा सहकारीको हकमा प्रकृयाको लागि जिम्मेवारी दिई खटाउने पदाधिकारीको अख्तियारी पत्र तथा नागरिकताको प्रमाणपत्रको प्रतिलीपी पेश गर्नुपर्नेछ।
४. कृषक समूह तथा सहकारीको हकमा कम्तिमा १० विग्घाको जग्गाधनी प्रमाण पत्रको प्रतिलिपी तथा कृषकको हकमा कम्तिमा ३ विग्घा जग्गा भएको जग्गाधनी प्रमाण पत्रको प्रतिलिपी
५. कृषि उधमीको हकमा उधमी प्रमाण पत्र र नागरिकताको प्रतिलीपी, आ.ब. २०७७/७८ को कर चुक्ता प्रमाण पत्र, तथा कम्तिमा १० विग्घा जग्गाको जग्गाधनी प्रमाण पत्रको प्रतिलिपी।
६. ट्र्याक्टर द्वारा संचालीत यन्त्र उपकरणको हकमा सम्बन्धित निवेदकले ट्र्याक्टरको आफनो नाममा भएको सवारी दर्ता प्रमाण पत्र पेश गर्नुपर्ने छ।
७. कृषकको हकमा नागरिकताको प्रमाण पत्रको प्रतिलिपी।
८. बिउ प्रशोधन यन्त्रको हकमा बीउ व्यवसायी/कम्पनी/सहकारी दर्ता प्रमाण पत्र, PAN दर्ता प्रमाण पत्र , सहकारीको हकमा कार्यक्रम माँग सम्बन्धी निर्णय , बीउबिजन बिक्रेता प्रमाण पत्र , र प्रोप्राईटर तथा अध्यक्षको नागरीकता प्रमाण पत्रको प्रतिलिपि ।

जितेन्द्र यादव
प्रमुख (दशौ तह)

फोन नं.: ०५३□५५००१७
फ्याक्स नं.: ०५३□५५१२१७
वेबसाईट: https://bara.akc.gov.np
ईमेल: dado.bara@yahoo.com

प्रदेश सरकार
प्रदेश नं. २
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि ज्ञान केन्द्र
बारा

सूचना ! सूचना ! सूचना !

प्रथम पटक प्रकाशन मितिः- २०७८।०५।०२ गते

यस कृषि ज्ञान केन्द्र बाराको चालू आ.ब. २०७८।७९ को वार्षिक स्वीकृत कार्यक्रम बमोजिम फलफुल तथा तरकारी **(ओल, बेसार, लसुन, सोहिजन, केरा, मेवा, अनार, अम्बा, कटहर) को मोडेल खेतिमा अनुदान** कार्यक्रम रहेकोले ईच्छुक कृषक/कृषि समूह/सहकारी/कृषि उद्यमीहरुले आवश्यक कागजात सहित यो सूचना प्रकाशन भएको मितिले ३० दिन भित्र अर्थात (२०७८।०५।३१ गते भित्र) यस कार्यालयमा तोकीएको ढाँचामा आवेदन दर्ता गर्नहुन सम्बन्धित सबैमा जानकारी गराईन्छ। साथै यस विषयमा थप जानकारिका लागि यस कार्यालयमा सम्पर्क गर्न सकिनेछ।

| क्र.सं. | कार्यक्रमको नाम | अधिकतम अनुदान प्रतिशत | लक्षित सेवाग्राही |
|---|---|---|---|
| १ | फलफुल तथा तरकारी (ओल, बेसार, लसुन, सोहिजन, केरा, मेवा, अनार, अम्बा, कटहर) को मोडेल खेतिमा अनुदान | कार्यक्रमको नर्मस बमोजिम | कृषक/कृषि समूह/ कृषि सहकारी/ कृषि उधमी |

आवश्यक कागजपत्रहरु

१. सम्बन्धित निकायमा समूह/सहकारी/कृषि उद्यमी दर्ता तथा नवीकरण भएको प्रमाणपत्रको प्रतिलिपी तथा PAN दर्ता प्रमाण पत्रको प्रतिलिपी
२. कार्यक्रम संचालन हुने स्थान (जग्गा/जमिन) को स्वमित्व खुल्ने कागजात (लालपुर्जा) वा भाडाको जग्गा भएमा कम्तिमा ५ वर्षको सम्झौता।
३. निवेदकको नागरिकता वा परिचय खुल्ने प्रमाणपत्र को प्रतिलिपी।
४. कार्य समितिको निर्णय प्रतिलिपी।
५. व्यक्तीगत कृषकको हकमा पनि PAN नं. अनिवार्य पेश गर्नुपर्नेछ।
६. माथी उल्लेखित बालीको मोडेल खेति कम्तिमा १ विग्घा क्षेत्रफलमा गर्नुपर्ने छ।

नोटः- यस कार्यालयबाट संचालित पकेट तथा ब्लक कार्यक्रममा सहभागी भएकालाई प्राथमिक्ता दिईने छैन्।

**जितेन्द्र यादव**
**प्रमुख (दशौं तह)**

फोन नं.:०५३-५५००१७
फ्याक्स नं.: ०५३-५५१२१७
वेबसाईट: https://bara.akc.gov.np
ईमेल: dado.bara@yahoo.com

प्रदेश सरकार
प्रदेश नं. २
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि ज्ञान केन्द्र
कलैया, बारा

प.सं.:- २०७८/७९
च.नं.:-

मितिः- २०७८।०५।०२

## स्यालो टयुबवेल जडानका लागि निवेदन आव्हान सम्बन्धि सुचना

(प्रथम पटक प्रकाशित मितिः २०७८।०५।०२)

यस कृषि ज्ञान केन्द्र, बाराको आ.ब. २०७८/७९ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार स्यालो टयुबवेल जडान गर्ने कार्यक्रम रहेको हुँदा १५ प्रतिशत लागत साझेदारीमा संचालन गर्न ईच्छुक कृषक/कृषक समूह/कृषि सहकारी/कृषि उत्पादनमा संलग्न निजी फर्म/उद्यमी/जल उपभोक्ता समूहले यो सुचना प्रकाशित भएको मितिले ३० औं दिन (२०७७।०५।३१) सम्म कार्यालय समय भित्र तोकिएको ढाँचामा तपशिल अनुसारका कागजातहरु संलग्न राखि खामबन्दी प्रस्ताव/आवेदन दर्ता गर्न हुन आव्हान गरिन्छ। रित नपुगेका तथा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश हुन नसक्ने व्यहोरा समेत जानकारी गराईन्छ। प्रस्ताव/आवेदन बुझाउनका लागि थप जानकारीका लागि यस कार्यालयमा सम्पर्क गर्न सकिनेछ।

संलगन गर्नुपर्ने कागजातहरु

१. रु. १० को हुलाक टिकट टासेको अनुसुचीको निवेदन
२. आवेदकको (व्यक्तिको हकमा) नागरिकता प्रमाणपत्रको प्रतिलिपी
३. आवेदकको (समूह, सहकारी संस्था र फर्म/कम्पनीको हकमा) दर्ता र नवीकरण भएको प्रमाणपत्रको प्रतिलिपी तथा स्थायी लेखा नं. लिएको प्रमाणपत्रको प्रतिलिपी
४. माँग गरेको स्यालो टयुबवेल निर्माण हुने जग्गाको जग्गाधनी प्रमाण पत्र (सो नभए भोगाधिकार प्रमाण) को प्रतिलिपी वा लिजमा लिएको जग्गाको हकमा लालपुर्जा र जग्गाधनीको सक्कल मन्जुरीनामा समेत
५. माँग गरेको स्यालो टयुबवेल निर्माण हुने जग्गाको नक्शाको ब्लु प्रिन्ट/कम्पयुटर प्रिन्ट
६. समूह, सहकारी संस्था र साझेदारी कम्पनीको हकमा आयोजना प्रस्ताव गर्ने सम्बन्धमा कार्यकारिणीको निर्णयको प्रतिलिपी
७. समूह, सहकारी संस्था र फर्म/कम्पनीको हकमा आवेदन गर्न अख्तियारी प्राप्त प्रतिनिधीको नागरिकता प्रमाण पत्रको प्रतिलिपी तथा अख्तियारी पत्र

पुनश्चः निवेदन र परियोजना प्रस्ताव ढाँचा यस कार्यालयबाट वा कार्यालयको वेबसाईट (https://bara.akc.gov.np) बाट प्राप्त गर्न सकिने छ।

अनुदानका शर्तहरुः

१. स्यालो टयुबवेलबाट सिंचाई पुर्याउने खेतियोग्य जग्गाको हकमा १५० मिटर अर्धव्यास भित्र २ बिग्घा, माछापालनको लागि १.५ बिग्घा, कृषि /कृषि वन नर्सरीको लागि ५ कट्टा जग्गा आवश्यक पर्नेछ।
२. स्यालो टयुबवेलको लागि २ ह.पा. को पानी तान्ने विधुतिय मोटर/पम्पसेट १०० फिटसम्म पाईप,र अन्य आवश्यक सहायक सामाग्री तथा जडान खर्चमा ८५ प्रतिशत अनुदान दिईने छ ।

जितेन्द्र यादव
प्रमुख (दशौ तह)